# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश

मितिः २०७८।११।११

## लिखित परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन शाखा

### सूचना नं. १९-२०७८/७९

प्रदेश निजामती सेवा अन्तर्गत नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायकस्तर पाँचौ तह (अप्राविधिक) को विज्ञापन नं. ADM ५०००१-५०००४/२०७८-७९ खुला तथा समावेशी पदको आयोगको पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्वन्धी मापदण्डको पालना गर्ने गरी दोश्रो चरणको लिखित परीक्षा सञ्चालन गर्ने प्रयोजनको लागि देहाय बमोजिमका परीक्षा केन्द्रहरु तोकिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| विषय | परीक्षा मिति | समय |
|---|---|---|
| द्वितीय पत्र | २०७८।११।२० | दिनको २:०० बजे |
| तृतीय पत्र | २०७८।११।२१ | दिनको २:०० बजे |

| क्र.स. | रोल नं. | | परीक्षा केन्द्र | उम्मेदवार संख्या |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | १००२ | २१७९ | श्री कान्ती माध्यमिक बिद्यालय, हाटबजारलाईन, बुटवल, "क" केन्द्र। | २०० |
| २ | २१८१ | ३२२९ | श्री कान्ती माध्यमिक बिद्यालय, हाटबजारलाईन, बुटवल, "ख" केन्द्र। | २०० |
| ३ | ३२३३ | ४२९९ | श्री कान्ती माध्यमिक बिद्यालय, हाटबजारलाईन, बुटवल, "ग" केन्द्र। | १५९ |

**पुनश्चः**

१ परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ। प्रवेशपत्र विना परीक्षामा सम्मिलित गराईने छैन। परीक्षार्थीले प्रवेशपत्रका साथै नागरिकताको प्रमाणपत्र वा सरकारी निकायले जारी गरेको फोटो सहितको परिचयपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नु पर्नेछ।

२ परीक्षा हल भित्र झोला, किताव, कापी, कागजपत्र, मोवाइल, स्मार्ट घडी तथा विद्युतीय उपकरण निषेध गरिएको छ।

३ परीक्षार्थीले परीक्षामा कालो मसी भएको कलम मात्र प्रयोग गर्नु पर्नेछ।

४ आयोगले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ। आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।

५ परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइने छैन।

६ उम्मेदवार परीक्षा केन्द्रमा आउदाँ कोभिड-१९ को संक्रमणलाई मध्यनजर गरी आफ्नो प्रयोजनको लागि फेस सिल्ड/मास्क लगाई साथमा स्यानिटाइजर समेत लिइ आउनु पर्नेछ। आफ्नो लागि पिउने पानीको प्रबन्ध आफैले गर्नु पर्नेछ।

(गोविन्द प्रसाद पाण्डे)
अधिकृत आठौ